## शहरी विकास सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०८२ को तर्जुमासम्बन्धी अवधारणापत्र

१. **नयाँ ऐन बनाउनु पर्ने आवश्यकताः**

राज्यले नागरिकको आधारभूत आवश्यकता परिपूर्ति गर्ने सम्बन्धमा अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्न तथा योजनाबद्ध र व्यवस्थित बस्ती विकास गर्न सङ्घ, प्रदेश र स्थानीय तहको भूमिकालाई स्पष्ट गर्दै व्यवस्थित, सन्तुलित र दिगो रुपमा शहरीकरण प्रबर्द्धन गर्नका लागि सङ्घ, प्रदेश र स्थानीय तहबाट शहरी योजनाको तर्जुमा, स्वीकृति र सञ्चालन गर्ने सम्बन्धमा शहरी विकास सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न आवश्यक देखिन्छ।

(क) **संवैधानिक कारणः**

नेपालको संविधानको धारा ५१ को खण्ड (ज) मा नागरिकको आधारभूत आवश्यकता सम्बन्धी नीति अन्तर्गत अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्ने तथा योजनाबद्ध र व्यवस्थित बस्ती विकास गर्ने भन्ने उल्लेख भएको तथा अनुसूची- ५ को क्र.सं. २९ मा बस्ती विकास नीतिको व्यवस्था रहेको छ।

(ख) **अन्तर्राष्ट्रिय/राष्ट्रिय दायित्वः**

१. दिगो विकास लक्ष्य (सन् २०१५-३०) को लक्ष्य नं. ११ ले शहर तथा बस्तीहरूलाई समावेशी, उत्थानशील बनाउन सङ्घ, प्रदेश तथा स्थानीय तहको जिम्मेवारी स्पष्ट हुनुपर्ने विषय उल्लेख गरेको।

२. नेपाल सरकार शहरी विकास मन्त्रालयले प्रकाशन गरेको "Inclusive Cities: Resilient Communities; Third United Nations Conference on Housing and Sustainable Development (Habitat III) 2016" प्रतिवेदनमा हरित, समावेशी, उत्थानशील र दीगो शहर निर्माण गर्नका लागि सङ्घ, प्रदेश तथा स्थानीय तहको जिम्मेवारी स्पष्ट गरी नयाँ कानून बनाउने विषय उल्लेख भएको।

(ग) **सर्वोच्च अदालतको फैसलाः** ×

(घ) **सरकारी नीति तथा कार्यक्रमः**

१. राष्ट्रिय शहरी नीति, २०६४ लाई खारेज गरी राष्ट्रिय शहरी नीति, २०८१ स्वीकृत भएकोले सोको कार्यान्यनका लागि नयाँ ऐन बनाउन आवश्यक रहेको।

२. सोह्रौं योजनाको परिच्छेद-७ को क्रमसङ्ख्या ७.४ को रुपान्तरणकारी रणनीति अन्तर्गत दिगो र उत्थानशील शहरी पूर्वाधार विकास गर्नका लागि स्थलीय योजना प्रणालीलाई एकीकृत शहरी विकास ऐनमा समावेश गर्ने समेतका विषय उल्लेख भएको हुँदा उक्त ऐन बनाउनु पर्ने आवश्यकता रहेको।



गोपाल प्रसाद सिग्देल
सचिव

(ङ) अन्य कुनै कारणः

संघीय संसद, प्रतिनिधि सभाको विकास तथा प्रविधि समितिको मिति २०७६/१०/२७ को निर्णय/निर्देशन बुँदा नं. १ बमोजिम "नेपाल सरकारका विभिन्न मन्त्रालय तथा सम्वद्ध निकायहरूबाट सम्पन्न हुने विकास निर्माणसँग सम्बन्धित आधारभुत संरचना निर्माणका कार्यहरू स्पष्ट कानुनका अभावका कारण अव्यवस्थित भई शहरी सौन्दर्यतामा ह्रास आउनुका साथै विकास निर्माणका कार्यमा दोहोरोपना भई अनावश्यक रुपमा सरकारी खर्चमा समेत वृद्धि भइरहेको तथ्यलाई ध्यानमा राखी यस्ता कार्यहरू एकिकृत रुपमा सम्पन्न गर्ने प्रयोजनका लागि सार्वजनिक सेवा प्रदायक पूर्वाधार मार्ग (**Utility corridor**) सम्बन्धी कानूनी व्यवस्था गर्ने विधेयक संसदको चालु अधिवेशनमा पेश गर्न समिति नेपाल सरकार शहरी विकास मन्त्रालयलाई निर्देश गर्दछ" भन्ने व्यहोराको निर्देशन यस मन्त्रालयमा प्राप्त भएको।

२. **नयाँ कानून बनाई कार्यान्वयन भए पश्चात हासिल गरिने उपलब्धिहरूः**

(क) राष्ट्रिय शहरी विकास रणनीति, २०७३ तथा राष्ट्रिय शहरी नीति, २०८१ को कार्यान्वयन गर्न यस ऐन मार्फत सहज हुने।

(ख) योजना तर्जुमा, स्वीकृति र कार्यान्वयन एवं सञ्चालन गर्न सङ्घ, प्रदेश र स्थानीय तहको जिम्मेवारी स्पष्ट हुने।

(ग) स्थानीय तहले जग्गा विकासको योजना सञ्चालन गर्न सक्ने।

(घ) घरजग्गा विकास गर्ने नीजि क्षेत्रलाई नियमन गर्न सहज हुने।

(ङ) शहरी पूर्वाधार निर्माण गर्ने निकायहरू बिच समन्वय कायम गर्न सकिने।

(च) नेपाल सरकार र प्रदेश सरकारले राष्ट्रिय महत्वका विशेष योजना कार्यान्वयन गर्ने प्राधिकरण गठन गर्न सक्ने।

(छ) युटिलिटी करिडोर तथा डक्ट निर्माण गर्नका लागि सम्बन्धित निकायले समन्वय गर्न सक्ने।

३. **प्रस्तावित विषयमा कुनै मौजुदा कानून भए त्यसको नामः** नगर विकास ऐन, २०४५

४. **मौजुदा कानून संशोधन गरी सो उपलब्धि हासिल हुन नसक्ने भए सो को कारणः**

(क) नगर विकास ऐन, २०४५ मा तीन तहको योजना स्वीकृति र कार्यान्वयनका लागि समन्वय गर्ने प्रभावकारी संयन्त्र नभएको।

(ख) नेपालको संविधान अनुकूल सङ्घ, प्रदेश र स्थानीय तहको कार्य स्पष्ट नभएको।

(ग) सङ्घ, प्रदेश र स्थानीय तहमा योजना तर्जुमा, स्वीकृति र कार्यान्वयन गर्ने सम्बन्धमा स्पष्ट व्यवस्था नभएकोले सो व्यवस्था स्पष्ट गर्न।



गोपाल प्रसाद सिग्देल
सचिव

(घ) नेपाल सरकार तथा प्रदेश सरकारले विशेष महत्व भनी प्राथमिकीकरण गरेका योजना कार्यान्वयन गर्ने संयन्त्र नभएको।

५. **प्रस्तावित विषयमा सरकारले कुनै विशेष नीति स्वीकृत गरेको भए उक्त नीति कुन विधि (Method) बाट तर्जुमा भएको होः**

प्रस्तावित विषयमा राष्ट्रिय शहरी विकास रणनीति,२०७३ र राष्ट्रिय शहरी नीति, २०८१ (Rational Method) तार्किक पद्धतिबाट तयार गरी स्वीकृत भएको।

६. **नीति निर्माणमा संलग्न पदाधिकारीः** मन्त्रालयका सचिव/ सहसचिव।

७. **प्रस्तुत विषयमा अन्य मुलुकमा कुनै कानून बनाएको वा कुनै अन्तर्राष्ट्रिय संस्थाले नमूना कानून बनाएको भए त्यस्तो मुलुक र कानूनको नामः**

| | |
|---|---|
| India | Urban Development and Housing Act<br>Town and Country Planning Acts (varies by state, e.g., Maharashtra Regional and Town Planning Act, 1966) |
| United States | Housing and Urban Development Act, 1965 |
| United Kingdom | Town and Country Planning Act, 1990 |
| Australia | Planning and Environment Act (state-specific, e.g., Victoria, Queensland) |
| Singapore | Urban Development Authorities Act<br>Urban Redevelopment Authority (URA) Act,1989 |

८. **प्रस्तावित विषयमा कुनै निकायबाट अध्ययन तथा अनुसन्धान भई कानून निर्माण सम्बन्धमा कुनै सुझाव दिएको भए त्यसको संक्षिप्त व्यहोराः** नभएको

९. **प्रस्तावित कानून कार्यान्वयन गर्न आर्थिक व्ययभार पर्ने भएमा अनुमानित वार्षिक व्ययभारः** शहरी विकास प्राधिकरण गठन भएको खण्डमा अनुमानित वार्षिक रु ३ करोड व्ययभार पर्ने ।

१०. **प्रस्तावित कानून कार्यान्वयन गर्न थप संरचना आवश्यक पर्ने वा नपर्नेः** प्रस्तावित कानून कार्यान्वयन गर्नको लागि प्राधिकरण गठन गर्दा प्राधिकरणको कार्यालय स्थापना, कर्मचारी आवश्यक पर्ने।



**गोपाल प्रसाद सिग्देल**
**सचिव**

११. प्रस्तावित कानून कार्यान्वयन गर्न कुनै निकायको परामर्श सहमति लिनु पर्नेमा सो परामर्श वा सहमति प्राप्त भए वा नभएको: अर्थ मन्त्रालयको परामर्श सहमति आवश्यक भएको र अर्थ मन्त्रालयबाट सहमति प्राप्त भएको।

१२. प्रस्तवित कानूनमा समावेश गर्न खोजिएको मुख्य विषयहरू : प्रस्तावित कानूनमा मुख्यतया देहायका विषयहरू समावेश गरिनेछ:-

(क) शहरी विकास योजनाको तर्जुमा तथा स्वीकृति सम्बन्धी व्यवस्था

(ख) शहरी विकास योजना, कार्यक्रम कार्यान्वयन तथा सञ्चालन सम्बन्धी व्यवस्था

(ग) घरजग्गा विकास कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था

(घ) भौतिक योजना समिति गठन गर्न सक्ने व्यवस्था

(ङ) शहरी विकास प्राधिकरण गठन गर्न सक्ने व्यवस्था

(च) सङ्घ, प्रदेश र स्थानीय तह बीच समन्वय गर्ने व्यवस्था

(छ) युटिलिटी कोरिडोर सम्बन्धी व्यवस्था

(ज) योजना हस्तान्तरण गर्न सक्ने व्यवस्था

(झ) जरिवाना सम्बन्धी व्यवस्था

(ञ) विविध

नेपाल सरकार
शहरी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

गोपाल प्रसाद सिग्देल
सचिव